फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

च.नं. :

मिति : २०८१/०४/०३

**चमेना गृह सञ्चालन सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०४/०३

यस खडक नगरपालिका कार्यालय कल्याणपुरको परिसरभित्र रहेको चमेना गृह भवनमा यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई खाना, खाजा, चिया खुवाउन चमेनागृह व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रही सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र ईच्छुक आपुर्तिकर्ता वा होटेल सञ्चालकले प्रस्ताव पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ ।

**शर्तहरु:**

१. निम्न अनुसारको कागजात संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औ दिनको १२ बजेभित्र दरभाउदाताको नाम, ठेगाना, फोन न. र इमेल समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यस कार्यालयको कोठा न.११ छेउमा रहेको कोठामा पेश गर्नुपर्ने छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. यस कार्यालयको कृषि विकास बैंक लिमिटेडको खाता न. ११०३७०१५०८००४१०१ आन्तरिक राजश्व खातामा रु. १०००।०० (अक्षरेपी रु. एक हजार मात्र) फिर्ता नहुने गरी दाखिला गरेको राजश्व भौचर,

२. चमेना गृह, होटल सञ्चालन सम्बन्धि व्यवसाय दर्ता तथा नविकरण गराएको प्रमाणपत्रको छायाँकपी,

३. प्यान/भ्याट नं. दर्ताको प्रमाणपत्रको छायाँकपी,

४. आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको छायाँकपी,

५. सञ्चालकको नागरिकता प्रमाणपत्रको छायाँकपी, सम्पर्क नं. र हालको ठेगाना समेतको विवरण,

६. चमेना गृह, होटल सञ्चालन सम्बन्धी अनुभवका कागजातहरु,

७. कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

२. दरभाउपत्रको प्रस्ताव आह्वानको कागजात यस कार्यालयको कोठा न. ११ छेउमा रहेकोबाट प्राप्त गर्न सकिनेछ । दरभाउसँग सम्वन्धित कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नुपर्नेछ ।प्राप्त भएका दरभाउहरु मिति २०८१/०४/१८ गते दिउँसो ३ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउ बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ ।

४. दरभाउ जमानत स्थानीय तह धरौटी खाता न. ११०३७०१५०८००४०४७ कृषि विकास बैंकमा नगद जम्मा गरेको सक्कल बैंक भौचर (यस कार्यालयको नाममा जम्मा भएको देखिने गरिएको) वा सो वरावरको नेपाल राष्ट्र बैंकवाट 'क' बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एंव ठेक्का न. अनिवार्य रुपमा उल्लेख भएको दरभाउ जमानत (दरभाउ दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत दरभाउ जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउ जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ ।

| विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|
| Procurement of Canteen Service | ५०,०००।०० | १०००।०० | |

५. दरभाउ दाताले दरभाउमा दररेट भर्दा मूल्य अभिवृद्धि कर सहितको दररेट उल्लेख गर्नु पर्नेछ ।दरभाउमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखि प्रत्येक पानामा आधिकारिक सहिछाप गरेको हुनु पर्नेछ । सारभूत रुपमा न्यूनतम एकमुष्ट मुल्यांकित एक फर्म मात्र छनौट गरिनेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरले परिमाणसँग गुणन गरी आएको मूल्य गल्ति हुन गएमा दर अनुसार परिमाणको मुल्य परिवर्तन गरिनेछ । मुल्य केरमेट नभएको कागजातमा सहिछाप भएको हुनुपर्नेछ ।

६. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी दरभाउमा भाग लिएको पाइएमा सो दरभाउ रद्ध गरी कालो सूचिमा समावेश गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ । म्याद नाघी आएको, रित नपुगेको र शर्त बमोजिम पेश नभएको दरभाउपत्रहरु मान्य हुनेछैन ।

दिपक कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np

७. आफुले उपलब्ध गराउने चिया, खाना, खाजा यसै साथ संलग्न स्पेसिफिकेशन बमोजिमको हुनुपर्नेछ ।

८. दरभाउ स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक वा आइटमवाइज रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद ऐन अनुसार हुनेछ ।

९. यो सूचना यस केन्द्रको वेबसाईट www.khadakmun.gov.np मा हेर्न सकिनेछ ।

१०. दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु:

- खाना खाजाको अधिकतम दररेट प्रस्ताव फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ ।
- रकमको भुक्तानी यस कार्यालयबाट जारी (सहीछाप सहित) कुपन वरावरको रकमको मात्र हुनेछ । बिना कुपन कसैलाई खाजा वा खाना खुवाएमा सोको भुक्तानी यस कार्यालयबाट हुने छैन ।
- प्रस्ताव गरिएको दररेट मिति २०८२ साल असार मसान्तसम्मका लागि मान्य हुनेछ ।
- यस केन्द्रको भवन प्रयोग गरेवापत न्यूनतम शुल्क मासिक रु. ५०००।०० (अक्षरेपी रु. पाँच हजार मात्र) हुनेछ । प्रस्तावदाताले सो मासिक शुल्कमा रकम थप गरि प्रस्ताव पेश गर्न सक्नेछ ।
- खानेपानी तथा विद्युत महसुल अतिरिक्त लाग्नेछ । कम्तीमा जारको खानेपानी (गुणस्तरीय र पेययोग्य) उपलब्ध गराउनु पर्नेछ ।
- यस केन्द्रको Canteen भवनमा रहेको जिन्सी सामानहरु (पंखा, फर्निचर, भवन संरचना लगायत) को सुरक्षा स्वीकृत प्रस्तावदाताले गर्नुपर्नेछ र सो सामग्री नष्ट वा टुटफुट भएमा निज प्रस्तावदाताबाट असुलउपर गरिनेछ । सम्झौता सकिएपश्चात उक्त सम्झौता चालु अवस्थामा फिर्ता गर्नुपर्नेछ ।
- चमेना गृहमा धुम्रपान, मध्यपान लगायत प्रचलित कानून बमोजिम निषेधित सामग्रीहरुको विक्रि वितरण तथा सेवन गर्न पाइने छैन, सो भएको पाइएमा कानून बमोजिम दण्डनीय हुनेछ ।
- कार्यालयको सम्झौता निर्देशन स्वीकृत प्रस्तावदाताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।
- चमेनागृह सञ्चालनका कारण श्रृजित फोहोरमैलाको व्यवस्थापनको जिम्मेवारी स्वीकृत प्रस्तावदाताको हुनेछ ।

दिपक कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२५-५४००५४

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

- चमेनागृहको खाजा, खानाको गुणस्तर, सरसफाई, स्टाफको व्यवहार राम्रो नदेखिएमा वा सम्झौता वमोजिम शर्त पालना नभएको पाइएमा सम्झौता रद्द हुनेछ ।
- काम सन्तोषजनक देखिएमा मात्र म्याद थप गर्न सकिनेछ ।
- खाद्दय प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट समय समयमा खाजा, खानाको गुणस्तर अनुगमन गरिनेछ र तोकिएको मापदण्ड वमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाहीको भागी हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np